


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस ११ गते आइतबार ❑ 26 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## सबैको भावनालाई समेटेर काम गर्नेछु : सभापति देउवा

रासस
काठमाडौं, १० पुस

प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले लोकतान्त्रिक र समावेशी सिद्धान्तलाई पूर्णरुपमा आत्मसात गरेर पार्टी सभापतिको हैसियतले सबैको भावनालाई समेटेर अघि बढ्ने बताउनुभएको छ।

कांग्रेसको १४औँ महाधिवेशनबाट नवनिर्वाचित पदाधिकारी र सदस्यलाई प्रमाणपत्र वितरण गर्न पार्टी केन्द्रीय कार्यालयमा आज आयोजित समारोहमा उहाँले आफूलाई विश्वास गरेर मतदान गर्ने सबैलाई धन्यवाद दिँदै मतदानमा आफूलाई भोट नहालेको पनि प्रतिनिधित्व गरेर पार्टी सञ्चालन गर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले पार्टी सञ्चालनका लागि सबैको सहयोगको अपेक्षासमेत गर्नुभयो। सो अवसरमा उहाँले कांग्रेसको १४औँ महाधिवेशनका क्रममा वडा तहदेखि केन्द्रसम्म भएको प्रजातान्त्रिक प्रक्रिया र प्रयोग नेपालका अन्य पार्टीमा विरलै भएको बताउँदै सच्चा मानेमा कांग्रेस प्रजातान्त्रिक पार्टीका रुपमा स्थापित भएको र जनतामा भिजेको उल्लेख गर्नुभयो। आगामी दिनमा हुने तीनै तहका निर्वाचनमा कांग्रेस विजयी भएर सबैभन्दा ठूलो पार्टी बन्ने उहाँको भनाइ थियो।

कांग्रेसले सफलतापूर्वक सबै तहका निर्वाचन सम्पन्न गरी सबै संरचनामा तल्लो तहदेखि नै महिलाको सहभागिता सुनिश्चित गरिएको अवगत गराउँदै सभापति देउवाले यस्तो समावेशी व्यवस्था सायदै अरु पार्टीमा नरहेको उल्लेख गर्नुभयो। उहाँले भोलिका दिनमा पार्टीमा महिला मतदाताको सङ्ख्या वृद्धिमा पनि ध्यान केन्द्रित गर्न सबैलाई आग्रह गर्नुभयो।

देउवाले महिलाका साथै आदिवासी, जनजाति, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यकलगायत सबैको सहभागिता सुनिश्चित गरेर कांग्रेस समावेशी पार्टी बनेको बताउनुभयो। साथै उहाँले विभिन्न चुनौतीका बाबजुद वडातहदेखि केन्द्रसम्मका अधिवेशन सम्पन्न गरेकामा पार्टीको केन्द्रीय निर्वाचन समितिलाई धन्यवाद दिनुभएको थियो। समारोहमा महाधिवेशनबाट नवनिर्वाचित १३४ पदाधिकारी र सदस्यलाई समिति संयोजक वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले निर्वाचित भएको प्रमाण पत्र प्रदान गर्नुभएको थियो। समारोह लगत्तै आजै पार्टीको केन्द्रीय कार्यसमितिको बैठक बोलाइएको छ।

## एमसिसीलाई टुङ्गोमा पुर्‍याउन गठबन्धनमा छलफल भइरहेको छ : गृहमन्त्री

पोखरापत्र संवाददाता
गोरखा, १० पुस

गृहमन्त्री बालकृष्ण खाँणले अमेरिकी सहयोग मिलेनियम च्यालेन्स कर्पोरेशन परियोजना (एमसिसी) लाई टुङ्गोमा पुर्‍याउन गठबन्धनमा रहेका दलबीच छलफल भइरहेको बताउनुभएको छ।

गोरखा उद्योग वाणिज्य सङ्घको १६औँ अधिवेशनको उद्घाटन गर्न आउनुभएका उहाँले पत्रकारसँगको भेटमा एमसिसी नेपालले नै प्रस्ताव गरेको विकास परियोजना भएकाले यसबारेमा सबै सकारात्मक हुनुपर्ने बताउनुभयो।




"यो कुनै सैन्य गठबन्धन होइन, विद्युत् प्रसारण लाइन र सडक निर्माण, गरिबी निवारण र रोजगारी वृद्धिका लागि यो परियोजना नेपालले नै प्रस्तुत गरेको हो", गृहमन्त्री खाँणले भन्नुभयो, "एमसिसीले हामीले पेस गरेको परियोजनालाई स्वीकृत गरेको हो, यो सम्झौतालाई सदनबाट पारित गर्ने प्रावधान नेपालले राख्यो, त्यहीअनुसार नै यो पास हुनुपर्छ।" एमसिसी सम्झौतालाई टुङ्गोमा पुर्‍याउन सत्तारुढ गठबन्धनले कार्यदल बनाएर छलफल सुरु गरेका छन्। केही दिनअघि बसेको सत्ता गठबन्धनको बैठकले सत्ता साझेदार नेकपा (एकीकृत समाजवादी)का वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा नेकपा (माओवादी केन्द्र) का नेता नारायणकाजी श्रेष्ठ र सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की रहेको कार्यदल गठन गरेको थियो। फरक प्रसङ्गमा उहाँले निर्वाचन आयोगको कार्यतालिकाअनुसार राष्ट्रियसभा निर्वाचन सम्पन्न गर्न सरकार तयार रहेको बताउनुभयो। राष्ट्रियसभाको निर्वाचन आगामी माघ १२ गते हुँदैछ। स्थानीय तह र आम निर्वाचनको पनि चर्चा चलिरहेको उल्लेख गर्दै उहाँले अब हुने तीनै तहका निर्वाचनका लागि सबै तयार हुनुपर्ने बताउनुभयो। "आगामी निर्वाचनको सम्पूर्ण तयारी गर्न निर्वाचन आयोगले सरकारको ध्यानाकर्षण गरेको छ, सरकारले आयोगले भनेको जसरी नै तयारी र पूर्वतयारी गर्दै जान्छ", गृहमन्त्री खाँणले भन्नुभयो। निर्वाचनमा सहयोग पुर्‍याउने सरकारको दायित्व भएको जनाउँदै उहाँले आयोगले ल्याउने प्रस्तावअनुसार सरकारले आफूलाई प्रस्तुत गर्ने बताउनुभयो।

## एमाले तेस्रो पटक संसद् विघटन होस् भन्ने चाहन्छ, हामी त्यसो हुन दिन्नौँ : अध्यक्ष दाहाल

रासस
काठमाडौं, १० पुस

प्रमुख प्रतिपक्षी नेकपा (एमाले)को निरन्तरको अवरोधका कारण पुनःस्थापित प्रतिनिधिसभाले गति लिन सकेको छैन।

पुनःस्थापित प्रतिनिधिसभाको नवौँ र दसौँ अधिवेशनमा एमालेको अवरोध कायमै छ। एमालेलेले वर्तमान प्रतिनिधिसभाको पूरा कार्यकालसम्म संसद् अवरोधलाई निरन्तरता दिने सङ्केत गरिरहेको छ।प्रतिनिधिसभामा अवरोध जारी रहँदा जनजीविकाका सवाल ओझेलमा परेका छन्। नागरिकता विधेयक, निजामती विधेयकलगायत जनतासँग प्रत्यक्ष जोडिएका विषय निष्कर्षमा नपुग्दा जनतामा नैराश्यता बढेको छ।

प्रतिनिधिसभाको कामकारबाहीलाई व्यवस्थित बनाउन, संसद्मा देखिएको गत्यारोध अन्त्यका लागि सभामुख तथा सरकारले गरेको प्रयत्नलाई एमालेले असहयोग गर्दै आएको छ। सदनमा हुँदै आएको अवरोध हटाउन सभामुख अग्निप्रसाद सापकोटाले बोलाएको सर्वदलीय बैठक बहिष्कार गरेर एमालेले आफूले गरेको संसद् विघटनलाई 'जायज' पुष्टि गर्न खोजिरहेको छ।

मुलुकका जल्दाबल्दा समस्यालाई समाधान गर्न प्रधानमन्त्रीले बोलाउनुभएको सर्वदलीय बैठक पनि एमालेले बहिष्कार गरिरहेको छ। प्रतिपक्ष सरकारसँग संवादमा आउन नचाहिरहेको चर्चा सार्वजनिक हुन थालेको छ। वर्तमान राजनीतिक परिस्थितबाट मुलुकलाई निकास दिन संसद्को सबैभन्दा ठूलो दल एमालेसँग निर्णायक छलफल गर्ने सत्ता गठबन्धनको तयारी छ।

प्रथम राष्ट्रिय सम्मेलनको पूर्वसन्ध्यामा आज सम्पादकसँग गरिएको अन्तर्क्रियामा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एमाले छलफलबाट भाग्न खोजिरहेकाले आफूहरू अध्यक्ष केपी शर्मा ओली निवास बालकोटनै गएर संवाद गर्न चाहेको बताउनुभयो। महत्वपूर्ण विषयमा छलफल गर्न सरकारले बोलाएको सर्वदलीय बैठकमा एमाले सहभागी नभएको उल्लेख गर्दै उहाँले आफूले प्रधानमन्त्रीलाई ओलीसँग छलफल गरौँ भनेको बताउनुभयो। "प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाउनुभयो, तर प्रमुख प्रतिपक्षी दलका नेता प्रधानमन्त्रीले बोलाएको बैठकमा आउनुहुन्न, पटक-पटक प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाउने र प्रमुख प्रतिपक्षी नआउने", अध्यक्ष दाहालले भन्नुभयो, "मैले त एकपटक प्रधानमन्त्रीलाई भनेँ, प्रधानमन्त्रीजी अब उहाँ आउनुहुन्न, त्यस्तै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## २३ औँ पोखरा सडक महोत्सव हुँदै

पोखरापत्र संवाददाता
काठमाडौं, १० पुस

अँग्रेजी नयाँवर्ष सन् २०२२ का उपलक्ष्यमा यही पुस १५ देखि १७ गतेसम्म २३औँ पोखरा सडक महोत्सव आयोजना हुने भएको छ।

रेस्टुरेन्ट एण्ड बार एशोसिएशन पोखरा (रेवान) द्वारा पोखरालाई 'अंग्रेजी नयाँ वर्षको गन्तव्यस्थल' का रुपमा प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव गर्न लागिएको हो। महोत्सवका संयोजक नरेश भट्टराईले कोभिड-१९ को सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी स्वास्थ्य मापदण्डलाई ख्याल गर्दै महोत्सव आयोजना गरिने बताउनुभयो।

रेवानलेपत्रकारसम्मेलनमार्फत २३औँ संस्करणको महोत्सवका गतिविधिबारे जानकारी दिँदै 'पोखरा खुल्लै छ' भन्ने सकारात्मक सन्देशका साथ पर्यटन प्रवर्द्धन गर्न महोत्सव आयोजना गर्न लागिएको जनाएको छ। पोखराको लेक साईड क्षेत्रको तीन किलोमिटर क्षेत्रमा महोत्सव आयोजना हुनेछ। सडकमै खाऔँ, सडकमै रमाऔँ भन्ने उद्देश्यका साथ विभिन्न सांस्कृतिक कार्यक्रम, मौलिक भेषभुषा प्रवर्द्धन गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय खानाको प्रदर्शन, दोहोरी प्रतियोगिता, झाकी प्रदर्शन, रात्रीकालीन कन्सर्ट, बोट रेस, खेलकुद प्रतियोगिता आदि आयोजना गरिनेछ। महोत्सवले कोभिड महामारीले सुस्ताएको पर्यटन व्यवसायमा केही हदसम्म उत्साह थपिने संयोजक भट्टराईले बताउनुभयो।

## समाज विविध धर्म र संस्कृतिको संगमस्थल : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, १० पुस

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले हाम्रो मुलुकमा मनाइने चाडपर्वहरुले विविध सांस्कृतिक पहिचान बोकेका समुदायबीच सद्भाव र समन्वयका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताएका छन्।

ख्रीष्टियन समुदायको महान पर्व ख्रीष्टमसका अवसरमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रियसभा सदस्य निर्वाचनका लागि १२ राजनीतिक दल दर्ता

रासस
काठमाडौं, १० पुस

राष्ट्रियसभा सदस्यको आगामी माघ १२ गते हुने निर्वाचनमा १२ राजनीतिक दलले भाग लिने भएका छन्।

राष्ट्रियसभा सदस्य निर्वाचनको प्रयोजनका लागि १२ राजनीतिक दल दर्ता भएको निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्माले जानकारी दिनुभयो। उक्त निर्वाचनमा नौ राजनीतिक दलले सबै प्रदेशमा र तीन राजनीतिक दलले कुनै प्रदेश विशेषमा मात्र भाग लिने गरी दल दर्ता गराएका हुन्।

आयोगका अनुसार, नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा, नेपाल लोकतान्त्रिक पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल परिवार दलले सबै प्रदेशमा भाग लिने छन्। लोकतान्त्रिक समाजवादी पार्टी प्रदेश नं दुई र सुदूरपश्चिम प्रदेश, नेपाल मजदुर किसान पार्टीले बागमती र ऐतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपालले प्रदेश नं २ मा मात्र भाग लिने जानकारी दिइएको छ। आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि राजनीतिक दललाई पुस १ देखि आजसम्म दल दर्ताका लागि समयावधि प्रदान गरेको थियो। प्रत्येक निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्नुपर्ने संवैधानिक व्यवस्था छ। उक्त निर्वाचनका लागि यसअघि नै निर्वाचन अधिकृतको नियुक्ति तथा मतदानस्थल र

बाँकी अन्तिम पृष्ठमा ▶▶



# विपद् प्रभावितहरुको मानवीय पीडालाइ कम गर्न 'स्फियर मापदण्ड सचेतना'

पोखरापत्र संवाददाता
पोखरा, १० पुस

विपद् अथवा द्धन्द्बबाट प्रभावित मानिसहरुलाई मर्यादा सहितको जीवन बाँच्न पाउने अधिकार सहित विपद न्यूनिकरण र पूर्व तयारीमा ध्यान दिनु पर्ने आवश्यताको बारेमा पोखरामा सचेतना कार्यक्रम गरिएको छ।

राष्टिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गण्डकी प्रदेश सरकारको `समन्वयमा प्रकोप पूर्व तयारी सञ्जाल नेपालको आयोजनामा 'स्फियर मापदण्ड सचेतना'को कार्यक्रम गरिएको हो । सञ्जालका अध्यक्ष सूर्यबहादुर थापाले मानवीय प्रतिकार्यहरुको गुणस्तरमा सुधार ल्याउन र आफ्ना क्रियाकलापका लागि जवाफदेही हुने उद्देश्य सहित सन् १९९७ स्फियर शुरुआत भएको जानकारी दिनुभयो । स्फियरले विशेषतः विपद् अथवा द्धन्द्बबाट प्रभावित मानिसहरुलाई मर्यादा सहित जीवन बाँच्न पाउने अधिकार , उनीहरुलाई सहयोग प्राप्त गर्ने अधिकार साथै विपद् अथवा द्धन्द्बबाट उत्पन्न मानवीय पीडालाइ कम गर्नका लागि सम्भव सबै कदम चालिनुपर्छ भन्ने मुल भूत सिद्धान्त स्फियरको रहेको बताउनुभयो । उहाँले नीति नियम ऐन सबै बनेको तर जोखिम न्यूनिकरण र पूर्व तयारीका लागि पर्याप्त ध्यान र लगानी हुन नसकेको बताउनु भयो। सचेतना कार्यक्रममा प्राधिकरणका उपसचिव डा . डिजन भट्टराईले प्राधिकरणका क्षेत्राधिकार भित्र रहेको कार्यहरुको बारेमा जानकारी गराउनु भएको थियो । उहाँले जिल्ला व्यवस्थापनको कोषमा गएर पैसा जम्मा हुने तर प्रभावितसम्म पुगेर कार्यको थालनी हुन नसकेको बताउनुभयो। पुनर्निर्माणका अनुदान साझा अधिकार सूचि र कतै एकल अधिकार भएपनि एकद्धार प्रणालीबाट जाँदा प्रभावकारी हुने उहाँको भनाइ थियो। गत आर्थिक वर्षमा प्राधिकरणबाट ३० करोड रकम पठाएको जानकारी दिदै सम्बन्धी निकायबीच समन्वय हुन नसक्दा सो अनुसारका घरहरु बन्न नसकेको बताउनुभयो । प्रविधिमा आधारित पूर्व तयारी तथा प्रतिकार्यको लागि दिगोलक्ष्य सहितको कार्यक्रम आवश्यता रहेको उहाँको भनाइ थियो।




सहजकर्ता शक्ति गुरुङ्ले स्फियर निर्देशिकामा समेटिएका विषयहरुमा प्रष्ट पार्नुभएको थियो। विशेषगरी मानवीय बडापत्र, संरक्षण सम्बन्धी सिद्धान्तहरु मूलभूत मानवीय मापदण्ड, पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन , खाद्य सुरक्षा तथा पोषण , आवस तथा बस्ती र स्वास्थ्य भित्रका सूचकहरुको बारेमा जानकारी गराउनुभएको थियो।

गण्डकी प्रदेशका योजना तथा विपद् व्यवस्थापन शाखाका उपसचिव यामप्रसाद सुवेदीले विपद् न्यूनिकरणमा प्रदेश सरकार अवलम्बन गरेका नीतिहरुको बारेमा जानकारी गराउनुभएको थियो। कार्यक्रमका सहभागिहरुले विपद् पछाडिको समयमा अवलम्बन गर्नुपर्ने विषयमा प्रतिवद्धता जनाउनु भएको थियो। कार्यक्रममा सरकारी कार्यलयका विपद्मा काम गरेका फोकल पर्सनहरुलाई सरोकारवालाहरुलाई सहभागिता गराइएको कार्यक्रम संयोजक सान्त्वना देवकोटाले जानकारी दिनुभयो।

# युनाईटेड क्लवद्धारा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा डस्विन वितरण

पोखरापत्र संवाददाता
पोखरा, १० पुस

युनाईटेड क्लव पोखराले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा डस्विन वितरण गरेको छ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसरको सरसफाईलाई मध्येनजर गरी युनाईटेड क्लवले बाबा फाउण्डेशनको सहकार्यमा १० सेट डष्टविन वितरण गरेको हो । सो अवसरमा वोल्दै गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारी गुरुङ्ले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको फोहोर ब्यवस्थापनलाई मध्येनजर गरी युनाईटेड क्लवले डष्टविन प्रदान गरेकोमा धन्यवाद ब्यक्त गरिन । मन्त्री गुरुङ्ले युनाईटेड क्लव जस्तै अन्य सामाजिक क्षेत्रमा काम गर्ने क्लवहरुले समेत सरकारी अस्पतालहरुमा आवश्यक परेका सामाग्रीहरु सहयोग गरेको खण्डमा पक्कैपनि सरकारी क्षेत्रहरुमा सुधार हुने वताइन। त्यस्तै युनाईटेड क्लवले प्रदेश सरकार संग समन्वय गरेर युवा स्वरोजगारका लागी विभिन्न तालिमहरु समेत आयोजना गर्न समेत मन्त्रीको आग्रह रहेको थियो। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान संघीय सरकार अन्तर्गत रहेतापनि आफुहरुले प्रदेश सरकारकै मूख्य अस्पतालको रुपमा लिएर अगाडि वढेको वताउदै मन्त्री गुरुङ्ले प्रतिष्ठानमा आवश्यक पूर्वाधार संगै सरसफाइको क्षेत्रमा समेत सहयोग गर्ने प्रतिवद्धता समेत जनाइन।

त्यस्तै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डाक्टर डुक बहादुर क्षेत्रीले पोखरामा रहेर सामाजिक कार्यमा अग्रणी स्थानमा रहेको युनाईटेड क्लवद्धारा सरकारी संस्था लाई अपनत्व वहन गरि सहयोग गरेको सामाग्रीको सदुपयोग हुने वताए । हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विकास निर्माणका काम जारि रहेकाले पूर्ण रुपमा सफा रहन नसकेको भएतापनि सरसफाइ लाई तीव्रता दिएको समेत वताए । डक्टर क्षेत्रीले सरकारी अस्पतालहरुमा उपकरणहरुमा बजेट विनियोजन हुने भएतापनि उपकरणको मर्मत संभार र सरसफाइका लागी पर्याप्त बजेट नहुने भएकाले पनि विभिन्न निकायहरुको सहयोगमा सरसफाइका सामाग्रीहरु आफुहरुले प्रयोग गर्दै आइरहेको उनको भनाइ रहेको थियो । त्यस्तै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डाक्टर भरत वहादुर खत्रि खत्रीले आफ्नो कार्यकालको सुरुवात देखीनै अस्पतालको गेटबाट डस्टविनहरु राख्ने जमर्को गरिरहेको र हाल आएर युनाईटेड क्लवले डस्टविन सहयोग गरेकोमा आफुहरुको योजना अनुरुप अस्पतालको गेटबाटै डस्टविन राख्ने कामको थालनी गरिने वताउदै सहयोगी संस्था युनाईटेड क्लव प्रति आभार प्रकट गरे । सरकारी अस्पताल हामी सवैको अपनत्व रहने भएकाले सवैले मिलेर सहकार्य गरेर आफुहरु अस्पताल सरसफाईको अभियानमा रहेको र अस्पताललाई सफा गर्नेमा कुनै कसर बांकि नराख्ने वताए । पोखरा महानगरले अस्पतालबाट निस्कने फोहोरको प्यटर्न चेन्ज गरेको भएतापनि युनाईटेड क्लवले प्रदान गरेको डस्टविनलाई मिलाएर प्रयोग गर्ने उनको भनाइ रहेको थियो । युनाईटेड क्लवको अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यत्रममा क्लवमा प्रथम उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य ब्यक्त गरेका थिएभने कार्यक्रमको सञ्चालन महासचिव शान्त बहादुर थापाले गरेका थिए । युनाईटेड क्लवको आयोजनामा आगामी पुसको २८ देखी माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा एघारौं संस्करणको पोखरा महोत्सवको आयोजना हुदैछ।



# काहुँखोला महिला सहकारीको तेस्रो साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, १० पुस

पोखरा महानगरपालिका वडा नं. १३ काहुँखोला स्थित काहुँखोला महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. को तेस्रो साधारण सभा शनिबार सम्पन्न भएको छ।

समाजसेवी ज्ञानेन्द्रप्रसाद सिग्देलले साधारण सभाको उद्घाटन गर्दै सहकारीको भावना अनुसार संचालन गरे मात्र दीर्घकालिन रुपमा अगाडि बढ्न सकिने बताए। सहकारीका सदस्यहरुलाई सक्रिय बनाउन समय समयमा रचनात्मक कार्यक्रम गर्न समाजसेवी सिग्देलले अनुरोध गरे।



सहकारी सदस्यले सिक्नुपर्ने धेरै छन्। त्यसैले कुनै पनि विषय सिक्नका लागि सम्बन्धित ठाउँमा पुऱ्याउन आफ्नो सदैव पहल रहिरहने सिग्देलले बताए। सभामा सहकारीका सचिव सरस्वती कार्की र कोषाध्यक्ष शारदा सिग्देलले प्रस्तुत गरेको प्रतिवेदन पारित भएको छ। शिक्षा उपसमितिका संयोजक शान्ति केसीले सभामा सात सिद्धान्त वाचन गरेकी थिइन।

काहुँखोला महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.का. अध्यक्ष एव समाजसेवी रमा कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा जनकल्याण समितिका अध्यक्ष देवराज बराल, सदस्य चन्द्र गुरुङ, समाजसेवी विष्णु कार्की लगायतले बोलेको कार्यक्रममा उपाध्यक्ष सिताकुमारी श्रेष्ठले स्वागत र सचिव सरस्वती कार्कीले संचालन गरेकी थिइन।

## राष्ट्रियसभा...

मतदान केन्द्र तोकिसकिएको छ। निर्वाचनका लागि प्रदेशसभा सदस्य तथा पालिका प्रमुख र उपप्रमुख गरी दुई हजार २५ मतदाता कायम छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ र पालिका प्रमुख र उपप्रमुखको मतभार १८ हुनेछ। उन्नाइस पदका लागि हुने उक्त निर्वाचनमा स्थानीय तहका एक हजार ४९३ र प्रदेशसभाका ५३२ मतदाता रहने छन्। आगामी यस निर्वाचनबाट सात महिला, तीन दलित, दुई अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक र सात अन्य समूहका उम्मेदवार निर्वाचित हुनेछन् । आगामी फागुन २० गते नेकपा (एमाले) का आठ, नेकपा(एस)का चार, नेकपा (माओवादी केन्द्र)का चार र नेपाली कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि सकिँदैछ। विज्ञका रूपमा मनोनीत रामनारायण बिडारीको कार्यकाल पनि सोही मितिमा पूरा हुनेछ । प्रबुद्ध वर्गको प्रतिनिधित्व रहने ५९ सदस्यीय राष्ट्रियसभाका एक तिहाइ सदस्य प्रत्येक दुई वर्षमा पदावधि समाप्त हुने संवैधानिक व्यवस्था छ। राष्ट्रियसभा सदस्यको पदावधि छ वर्ष भए पनि पहिलोपटक गोलाप्रथाद्वारा कार्यकाल निर्धारण गरिएको थियो । राष्ट्रियसभाका एक तिहाइ सदस्यको पदावधि समाप्त हुन ३५ दिनअघि नै निर्वाचन गर्नपर्ने प्रावधान छ । उक्त निर्वाचनका लागि पुस २० गते उम्मेदवारको मनोनयन दर्ता हुनेछ भने पुस २५ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ । सोही दिनदेखि निर्वाचन आचारसंहित सबैका लागि लागू गराउने आयोगले सोच बनाएको छ।

## समाज...

शनिबार शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री पोखरेलले नेपाली समाज विविध धर्म र संस्कृतिको संगमस्थल रहेको उल्लेख गरेका छन्। उनले भनेका छन्, 'स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली ख्रीस्टियन समुदायमा यस पर्वको पावन अवसरमा सुख, सुस्वास्थ्य एवं समृद्धिको शुभकामना व्यक्त गर्दछु।' राजनीतिक परिवर्तनसँगै नेपालको संविधानले सबै धर्म र संस्कृतिको सम्मान र धार्मिक सांस्कृतिक स्वतन्त्रतालाई अंगीकार गरेको उनले सन्देशमा उल्लेख गरेका छन्।

## एमाले...

हुनुहुन्छ। हाम्रो के लाग्यो ? तपाईं र म नै बालकोट जाऔँ । यो सदन पनि यसरी रोकिदिनुभएन भनौँ। देशका अरु विषय पनि हल गरौँ भनेको छु।" लगातार संसद् अवरुद्ध गरेर एमालेले फेरि पनि संसद् विघटन होस् भन्ने चाहेको उहाँको भनाइ थियो । "एमाले अध्यक्ष ओलीले तेस्रो पटक संसद् विघटन गर्न खोजिरहेका छन् । पहिलोपटकको विघटन सडकबाट बदर गर्‍यौँ । दोस्रो पटकको विघटन अदालतबाट बदर गर्‍यौँ। तेस्रो पटक पनि प्रयास भइरहेको छ । हामी हुन दिन्नौँ", उहाँले भन्नुभयो।

**पत्रकार आचारसंहिताको पालना गरौं । सञ्चारमाध्यमले**

- बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पार्नेगरी,
- अपांगता भएका व्यक्तिलाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने गरी,
- हिंसा, आतंक, अश्लिलता, अपराधलाई प्रश्रय हुने गरी,
- पीडितलाई थप पीडादिने,अशक्त असहाय, अल्पसंख्यक महिला तथा जेष्ठ नागरिकको मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पर्नेगरी,

**कुनैपनि सामाग्रीहरू संप्रेषण नगरौं, पत्रकार आचारसंहिताको सम्मान गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सम्पर्क:**
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ‘सेन्चुरी ल्होसार’ मेलाको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, १० पुस

कास्कीको अन्नपूर्ण गाउँपालिका १० छोम्रोङमा आयोजना हुने २० औं संस्करणको सेन्चुरी ल्होसार महोत्सवको सम्पूर्ण तयारी पुरा भएको छ।

सेन्चुरी युवा क्लबले तमु समुदायको महान् पर्व ल्होसारको अवसरमा (आईतबार) ११ गते देखि १४ गते सम्म सञ्चालन गर्ने महोत्सवको सम्पूर्ण तयारी पूरा भएको क्लबका अध्यक्ष मिकास गुरुङले बताए । उनका अनुसार पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य सहित सञ्चालन हुने सो महोत्सवमा विभिन्न साँस्कृतिक कार्यक्रम सहित विभिन्न खेलकुदका कार्यक्रम समावेश गरिएको छ।



महोत्सवमा मुख्य आकर्षकको रुपमा पुरुष भलिबल प्रतियोगिता र बास्केटबल प्रतियोगिता आयोजना गरिएको क्लबका सल्लाहकार राजकुमार गुरुङले जानकारी दिए। गुरुङका अनुसार भलिबल तर्फ १२ टिम र बास्केटबल तर्फ १४ टिमले दर्ता गरिसकेको बताए । दुवै प्रतियोगिताको विजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु २५ हजार प्राप्त गर्नेछन् । यसैगरी द्धित्तिय र तृतीय स्थान हाँसिल गर्ने टिमहरुले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित क्रमश १५ हजार र ८ हजारबाट पुरस्कृत हुनेछन् ।

मेलामा तमु समुदायको मौलिक खेलको रुपमा लिईने छेलो हान्ने प्रतियोगिता, घैटो फुटाउने प्रतियोगिता तथा मेच घुमाई प्रतियोगिता समावेश गरिएको सल्लाहकार गुरुङले बताए । उनले मेला अवधिभर बेलुकीपख स्थानीय क्लबद्वारा साँस्कृतिक नृत्य प्रस्तुत गरिने गुरुङले जानकारी दिए।

सो मेलाको समुद्घाटन पूर्व युवा तथा खेलकुद मन्त्री जगत विश्वकर्माले गर्ने आयोजकले जनाएको छ।



क्रिसमस टोपी लगाएर रमाउँदै : ‘क्रिसमस डे’ को दिन पर्यटकीय क्षेत्र पोखराको लेकसाइडमा क्रिसमस टोपी लगाएर सेल्फी खिच्दै आन्तरिक पर्यटक। तस्वीर : जमुना वर्षा शर्मा, रासस

# गण्डकीका ११ जिल्लामा राष्ट्रिय खेलकुदका खेल प्रस्ताव

-कृष्ण दवाडी
पोखरा, १० पुस

गत वर्ष फागुन अन्तिम साता निर्धारित गरिएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता कोरोना भाइरस महामारीका कारण तोकिएको समयमा हुन सकेन।

हरेक दुई/दुई वर्षमा आयोजना हुने राष्ट्रिय खेलकुदको नवौँ संस्करण आयोजनाको जिम्मेवारी गण्डकी प्रदेशलाई छ। विसं २०७६ वैशाखमा लुम्बिनी प्रदेशमा सम्पन्न आठौँ राष्ट्रिय खेलकुदको समापनपछि नवौँको जिम्मेवारी गण्डकीले पाए पनि निर्धारित मितिमा सम्पन्न गर्न कोरोना बाधक बन्यो।

राष्ट्रिय खेलकुद परिषद्(राखेप)ले गत वर्ष रोकिएको राष्ट्रिय खेलकुद यस वर्ष गर्ने योजनामा छ। आगामी वैशाख/जेठमा प्रतियोगिता गर्ने योजना सरकारको छ। प्रतियोगिता आयोजनाको जिम्मेवारी पाएको गण्डकी प्रदेशले खेलस्थल छनोट, पूर्वाधार अनुगमन तथा प्रशिक्षणलगायत केही तयारी सुरु गरेको छ। राष्ट्रिय खेलकुद प्रतियोगितामा कूल ३५ खेल सञ्चालन हुनेछन्। यस वर्षदेखि लोकदोहोरी तथा लोक नृत्यलाई पनि राष्ट्रिय खेलकुदमा समावेश गर्न प्रस्ताव गरिएको छ।

पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले गण्डकीका ११ वटै जिल्लामा कम्तीमा एउटा खेल सञ्चालन गर्ने गरी राखेपमा प्रस्ताव पठाएको छ। अधिकांश खेल पूर्वाधार र प्रदेश राजधानी भएकाले पोखरा रङ्गशालामा सञ्चालन हुने भए पनि सबै जिल्लामा प्रतियोगिताको रौनक र अपनत्व होस् भनेर सबैलाई समेटेर प्रस्ताव पठाइएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताउनुभयो। जिल्लामा खेलाडीको खेलप्रतिको आकर्षण तथा बढ्दो खेलाडीको चापलाई मध्यनजर गरी ११ वटै जिल्लामा खेलस्थल तय गरिएको उहाँले बताउनुभयो। पुरुष फुटबलसहित एथलेटिक्स, बक्सिङ, भारोत्तोलन, भलिबल, ब्याडमिन्टन, उसु, ह्याण्डबल,हक्की, स्क्वास र सुटिङका महिला तथा पुरुषका खेल पोखरामा खेलाउने योजना छ। यसैगरी जिम्न्याष्टिक, लनटेनिस, सफ्टटेनिस, क्रिकेट, साइक्लिङ, आर्चरी, पौडी, गल्फ, शारीरिक सुगठन, प्याराग्लाइडिङ र ट्रायथोलनका महिला तथा पुरुषका खेल पोखरामा प्रस्ताव गरिएको छ । महिला फुटबल स्याङ्जाको वालिङ, तेक्वान्दो (महिला/पुरुष) बाग्लुङ, कराँते (महिला/पुरुष) लमजुङ, टेवलटेनिस (महिला/पुरुष) मुस्ताङ, कवड्डी, कुस्ती र खोखो (महिला/पुरुष) नवलपुर तथा जुडो र सेपाकताक्रो (महिला/पुरुष) गोर्खामा खेलाउने योजना छ । यसैगरी बाँस्केटबल (महिला/पुरुष) तनहुँ, बुद्धिचाल (महिला/पुरुष) मनाङ, आइटिएफ तेक्वान्दो (महिला/पुरुष) म्याग्दी, फुलकन्ट्याक्ट कराँते (महिला/पुरुष) स्याङ्जा र फेन्सिङ( महिला/पुरुष) पर्वतमा गर्न राखेपसमक्ष प्रस्ताव गरी पठाइएको समितिले जनाएको छ। यस वर्षदेखि आयोजना गर्न प्रस्ताव गरिएको लोक दोहोरी तथा लोक नृत्य प्रतियोगिता पोखरामा गर्ने योजना छ।

“हामीले खेल पूर्वाधारको अवस्था तथा सम्बन्धित जिल्लामा खेलप्रतिको आकर्षण सबैलाई मध्यनजर गरी प्रस्ताव पठाएका छौँ”, कार्यालय प्रमुख योगीले भन्नुभयो, “सम्भवत यहाँबाट प्रस्तावित स्थलमा नै राखेपले खेलाउने गरी कार्य तालिका बनाउने छ।” राष्ट्रिय खेलकुदका लागि पोखरामा सुटिङ, पौडी पोखरी, हक्की बाहेकका पूर्वाधार तयारी अवस्थामा छन्। सुटिङ र पौडी पोखरीका लागि राखेपले निर्माण प्रक्रिया अघि बढाएको बताइन्छ । राष्ट्रिय खेलकुदका लागि आवश्यक खेल पूर्वाधार निर्माणका लागि चालू आवमा राखेपबाट रु १६ करोड हाराहारीमा बजेट विनियोजन गरिएको छ । नवौँलाई लक्ष्य गरी पोखरामा विभिन्न खेल सङ्घले खेलाडी प्रशिक्षण तथा अभ्यास सुरु गरेका छन्। मुख्य खेलको प्रशिक्षण सुरु भएको छ । कोरोनाले रोकिएका खेल गतिविधि नियमित बन्दै जाँदा खेलकुद लयमा फर्किन थालेको छ । प्रदेश खेलकुद परिषद्ले पनि राष्ट्रिय खेलकुदलाई लक्ष्य गरी खेल सङ्घहरुलाई खेल सामग्री उपलब्ध गराउन रु ५० लाख बजेट विनियोजन गरेको छ । खेलकुदको मिति तय भएपछि आवश्यक खेल सामग्री उपलब्ध गराइने परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङले जानकारी दिनुभयो । यसैगरी प्रदेश सरकारले पनि खेल पूर्वाधार निर्माणका लागि रु दुई करोड बजेट छुट्टाएको बताइन्छ।

# शितल ज्योति क्लवको अध्यक्षमा नर प्रसाद गुरूङ

हुमा परियार / सुस्मिता श्रेष्ठ
पोखार, १० पुस

शितल ज्योति युवा क्लव पोखरा १२ को आठौ वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनबाट नर प्रसाद गुरूङको अध्यक्षमा सर्वसम्मत नया कार्यसमिति निरविरोधनिर्वाचित भएको छ।




क्लवको प्रथम उपाध्यक्षमा राजकुमार गुरूङ द्वितिय उपाध्यक्षमा मिन प्रसाद गुरूङ सचिवमा पुर्ण वहादुर गुरुङ सह-सचिवमा विमला गुरुङ कोषाध्यक्षमा सुभाष गुरूङ सह-कोषाध्यक्षमा नविन गुरूङ सर्वसम्मत चयन भएका छन् भने सदस्यहरुमा रामप्रसाद गुरूङ, जुम वहादुर गुरूङ, शशि मल्ल, पुर्ण कुमारी गुरूङ, पुनित गुरूङ, चेतमान गुरूङ,रहेका छन । क्लवको मनोनीत सदस्यहरूमा निरज गुरूङ,पंच वहादुर गुरूङ, सुनिल गुरूङ, सुनिल श्रीस, पुर्ण प्रसाद गुरूङ, गणेश गुरूङ,दिपेन्द्र श्रेष्ठ, दुर्गा गुरूङ,आशिष गुरूङ, पुर्ण वहादुर गुरूङ, हिमाली सास्कृतिक परिवार र नौलो विहानी संस्था रहेका छन् । अधिवेशनको उदघाट्न गर्दे प्रमुख अतिथि पोखरा महानगरपालिका १२ का वडा अध्यक्ष राम बहादुर कार्कीले क्लवको भवन वनाउन तथा खेलकुद मैदान उपलब्ध गराउन आफ्नो तर्फबाट सक्दो सयोग गर्ने प्रतिवद्दता प्रकट गरे । कार्यक्रममा बिषेश अतिथि पोखरा ११ का वडा अध्यक्ष मोहन प्रसाद बास्तोलाले क्लवले रचनात्मक कामहरू गर्दे जानुपर्ने बताए। क्लबका संरक्षरक तथा आजिवन सदस्य टिका कार्कीले शितल ज्योति युवा क्लव पोखराको उत्कृष्ट क्लव रहेको वताउदै अज उत्कृष्ट कामहरु गर्द्रै जानु पर्ने वताए । कार्यक्रममा क्लवका संस्थापक अध्यक्ष ऋिषभदेव बास्तोला सल्हाकार गज वहादुर गुरूङ एन्फा कास्कीका पुर्व अध्यक्ष खेम वहादुर गरुरूङले लगाएतले मन्तब्य राखेका थिए।

क्लवको साधारणसभा तथा अधिवेशनमा अध्यक्ष सन्तोष गुरुङले अध्यक्षको प्रतिवेदन सचिव पुर्ण गुरुङले सचिवको प्रतिवेदन तथा कोषाध्यक्ष सुभाश गुरूङले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेकोमा सर्वसम्मत पारित गरिएको थियो । क्लवका अध्यक्ष सन्तोष गुरुङको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्वागत मन्तब्य प्रथम उपाध्यक्ष नर प्रसाद गुरूङले गरेका थिए भने कार्यक्रम सन्चालन सचिव पुर्ण गुरूङले गरेका थिए।

# आगामी साता अधिकतम तथा न्यूनतम तापक्रम घट्ने

रासस
काठमाडौं, १० पुस

यो साता देशको अधिकांश भू-भागमा अधिकतम तथा न्यूनतम तापक्रम घट्ने भएको छ । पश्चिमी वायुको प्रभावले देशको धेरै स्थानमा आंशिकदेखि सामान्य बदली रही अधिकांश भू-भागमा अधिकतम तथा न्यूनतम तापक्रममा गिरावट आउने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

साताको सुरुमा देशको उच्च पहाडी तथा हिमाली भू-भागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ। साताको मध्य तथा अन्त्यमा सामान्यदेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम हिमपात र थोरै स्थानमा भारी हिमपातको समेत सम्भावना रहेको औंल्याएको छ। देशको पहाडी भू-भागमा साताको सुरुमा आंशिकदेखि सामान्य बदली रही प्रदेश नं १ तथा बागमती प्रदेशको एक/दुई स्थानमा हल्का वर्षा र साताको मध्य तथा अन्त्यमा सामान्यदेखि पूर्णतया बदली रही केही स्थानमा हल्कादेखि मध्यम वर्षा, थोरै स्थानमा मेघगर्जन चट्याङसहित वर्षा र एक/दुई स्थानमा असिनाको समेत सम्भावना छ।

# माघेसंक्रान्ति मेला व्यवस्थापनका लागि १५१ सदस्यीय समिति गठन

पोखरापत्र संवाददाता
दमौली, १० पुस

तनहुँको देवघाट क्षेत्र विकास समितिले माघेसंक्रान्ति मेला व्यवस्थापनका लागि समिति गठन गरेको छ । मेला व्यवस्थापनका लागि क्षेत्र विकास समितिका अध्यक्ष बद्रीप्रसाद अधिकारीको संयोजकत्वमा १५१ सदस्यीय समिति गठन गरिएको हो।

मेला व्यवस्थापनका लागि मूल समिति एवं विभिन्न उपसमिति गठन गर्नुका साथै जिम्मेवारी बाँडफाँट गरेको क्षेत्र विकास समितिका कार्यकारी निर्देशक धीरणबाबु घिमिरेले जानकारी दिनुभयो । हरेक वर्ष माघेसङ्क्रान्तिका अवसरमा देवघाट मेला लाग्ने गरेको छ । गत वर्ष तीन लाख जनाले माघेसङ्क्रान्ति मेला भरेका थिए।

मेला व्यवस्थापनको तयारीका लागि समितिले तनहुँ, चितवन र नवलपुर जिल्लाका सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी कार्यालय तथा सरोकारवालाहरुको बृहत् बैठक आयोजना गर्ने तयारी गरेको छ। मेलाका लागि सुरक्षा प्रबन्ध, प्राथमिक उपचार, भोजन तथा आवास, जलविहार, सवारी पार्किङ, सरसफाइ, सजावट, प्रचारप्रसारलगायत उपसमिति गठन गरिएका छन्। माघेसङ्क्रान्ति मेलामा लाखौँ भक्तजन त्रिशूली र कालीगण्डकीको सङ्गम वेणीमा स्नान गर्न आउने हुनाले भक्तजनको सुरक्षा र व्यवस्थापनका लागि ती समिति सक्रिय हुनेछन् । पुसको अन्तिम सातादेखि भक्तजन देवघाटमा आउन थाल्ने र माघको पहिलो सातासम्म पनि उक्त मेलाको प्रभाव पर्ने हुँदा सबै समितिलाई क्रियाशील बनाइने समितिले जनाएको छ।

माघेसङ्क्रान्ति मेला भर्न आउने भक्तजनको सहजताका लागि त्रिशूली नदीबाट वेणीसङ्गम जान डुङ्गा परिचालन गरिनेछ।

मेलामा नेपाली सेना, सशस्त्र प्रहरी र जनपद परिचालन गरिनेछ । देवघाटमा पुसको अन्तिम दिनदेखि मकर स्नान मेला सुरु हुन्छ। गोसाइँकुण्डबाट आएको त्रिशूली र मुक्तिनाथबाट आएको कालीगण्डकी दोभान देवघाटमा माघेसङ्क्रान्तिका दिन नुहाउँदा धार्मिक फल प्राप्त हुने विश्वास रहँदै आएको छ।

# आत्महत्या रोकथामका लागि प्रतिबद्धता

पोखरापत्र संवाददाता
दमौली, १० पुस

तनहुँको देवघाट गाउँपालिका-५ का बासिन्दाले आत्महत्या रोकथामका लागि प्रतिबद्धता जनाएका छन्।

इलाका प्रहरी कार्यालय देवघाटले बिहीबार आयोजना गरेको कार्यक्रममा स्थानीयवासीले आत्महत्या रोकथाम र नियन्त्रणका लागि प्रतिबद्धता जनाएका हुन्।

सो क्रममा ३०० भन्दा बढीले आत्महत्या रोकथामका लागि प्रतिबद्धता जनाउँदै हस्ताक्षर गरेका छन् । स्थानीयवासीले ‘जीवनमा आइपर्ने हरेक कठिन परिस्थितिको सामना गर्नेछु तर आत्महत्या गर्ने छैन’, लेखिएको व्यानरमा हस्ताक्षर गरेका थिए। आत्महत्या समस्याको समाधान नभएको उनीहरूको भनाइ छ। पछिल्लो समय बढ्दै गइरहेको आत्महत्याको घटनालाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको इलाका प्रहरी कार्यालय देवघाटका इन्चार्ज प्रहरी नायब निरीक्षक सुशील लामिछानेले जानकारी दिनुभयो। देवघाटमा गत एक वर्षको अवधिमा तीन जनाले आत्महत्या गरेका छन्। “आत्महत्या समस्याको समाधान होइन, यसको रोकथामका लागि स्थानीयवासी जागरुक हुनुपर्छ, स्थानीयवासीकै सहभागितामा सचेतनामूलक कार्यक्रम गरेका हौँ”, उहाँले भन्नुभयो । गाउँपालिकाका प्रवक्ता यालबहादुर गुरुङले जुनसुकै समस्या आइपरे पनि त्यसको समाधान आत्महत्या नभएकाले यसको रोकथामका लागि सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो।

